माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या ६ राजपत्रमा प्रकाशित मिति : २०७६/०९/२४

**भाग -१**

**माई नगरपालिका**

स्वास्थ्य तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६

सभाबाट स्वीकृत मिति : २०७६/०९/२४
प्रमाणिकरण मिति: २०७६/०९/२४

# माई नगरपालिका
# इलाम

## स्वास्थ्य तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७६/[illegible]२४

माई नगरपालिक
ईलाम
प्रदेश नं.१, नेपाल
२०७६

# स्वास्थ्य तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

**प्रस्तावना:** स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, माई नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६(१), स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) बमोजीम यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस ऐनको नाम **'माई नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६'** रहनेछ।

(ख) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात माई नगरपालिका भर लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले माई नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ लाई सम्झनु पर्छ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्वन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले माई नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ञ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु र सो शव्दले सामुदायिक स्वास्थ्य इकाई समेतलाई सम्झनु पर्दछ ।

(ञ) "सुलभ फार्मेसी सेवा" भन्नाले नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा सर्व साधारणका लागि गुणस्तरीय औषधिहरु सुपथ मूल्यमा विक्री वितरण गर्ने गरी अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम सञ्चालन भएको स्वास्थ्य संस्थाको हाता भित्र सरकारी वा सामुदायिक लगानीमा स्थानीय सरकारबाट सञ्चालित औषधि पसल वा औषधि विक्री केन्द्रसमेतलाई सम्झनु पर्दछ ।

(ट) "तोकिएको वा तोकिए बमोजीम" भन्नाले यस ऐन बमोजीम बनेको नियममा तोकीएको वा तोकिए बमोजीमको सम्झनु पर्दछ ।

## परिच्छेद: २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु: स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु देहाय बमोजिम तीन प्रकारका हुने छन् ।

(क) सरकारी वा सामुदायिक: सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद, होमियोप्याथि, तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, सहरि स्वास्थ्य क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी: निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसी, प्राथमिक उपचार केन्द्रहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ: ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड: स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुने छ ।

५. नागरपालिका स्तरीय स्वास्थ्य सेवा तथा सरसफाई समन्वय समितिको गठन, काम,, कर्तव्य र अधिकार:

(१) ~~गाउँ~~ नगर पालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख तथा व्यवस्थान गर्न देहाय बमोजिमको स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई समन्वय समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छ :

(क) नगरपालिकाको प्रमुख — अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको एक जना –.सदस्य

(ग) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येवाट कार्यपालिकाले तोकेको एक जना–सदस्य

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका एक जना–सदस्य

(ङ) स्वास्थ्य तथा सरसफाइ शाखामा कामकाज गर्ने व्यक्ति मध्ये नगरपालिकाका प्रमुखले तोकेको एक जना स्वाथ्यकर्मी कर्मचारी–सदस्य सचिव

(२) स्वास्थ्य सेवा तथा सरसफाई समन्वय समितिको काम, कर्तव्यं र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने/गराउने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) स्वास्थ्य संस्थाहरुमा सञ्चालनमा आएका सुलभ औषधि पसल वा केन्द्रहरुको निरीक्षण, नियन्त्रण तथा रेखदेख गरी सो पसलहरुको लेखापालन तथा व्यवस्थापन चुस्त दुरुस्त राख्न लगाउने ।

(ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार:

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापनका लागि देहायका देहाय वमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिने छ ।

(क) नगरपालिकाको प्रमुखले तोकेको सो क्षेत्रका समाजसेवीहरु मध्येबाट एक जना –अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये कार्यपालिकाबाट मनोनित महिला १ जना– सदस्य

(घ) स्वास्थ्य संस्था रहेको वडाको सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाका प्रमुखबाट मनोनित एक जना –सदस्य

(ङ) सो क्षेत्रका आदिवासी जनजाती, दलित, पिछडा वर्ग, अपाङ्ग मध्य स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्ये गाउँपालिका अध्यक्षबाट मनोनित एक जना– सदस्य

(च) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख–सदस्य सचिव

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्वन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्वन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) सुलभ फार्मेसी सेवा सञ्चालन भएको भए सो सेवाको रेखदेख, अनुगमन, व्यवस्थापन गरी चुस्त दुरुस्त लेखापालन कायम राख्ने वा राख्न लगाउने र सुलभ फार्मेसी सेवा सञ्चालन नभएको भए सञ्चालनका लागि आवश्यक पहल गर्ने ।

(छ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्वन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(३) नगर टोलघर क्लिनिक व्यवस्थापन समिति गठन, काम, कर्तव्य, र अधिकार:

(क) नगरपालिका प्रमुखले तोकेको जनप्रतिनिधि वा समाजसेवी सदस्यहरु मध्ये एक जना– अध्यक्ष

(ख) महिला स्वास्थ्य स्वयमसेविका मध्येबाट नगरपालिकाको स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्षबाट मनोनित एक जना –सदस्य

(ग) नगर टोलघर विकास संस्थाको अध्यक्षहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित एक जना–सदस्य

(घ) नगर टोलघर क्लिनिक रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट नगरकार्यपालिकाबाट मनोनित एक जना–सदस्य

(ङ) सम्वन्धित स्वास्थ्य संस्था प्रमुखले तोकेको सो स्वास्थ्य संस्थाका अ.हे.ब/अ.न.मी– सदस्य सचिव

(४) नगर टोल घर क्लिनिक व्यवस्थापन समिति काम, कर्तव्य र अधिकार तोकिए बमोजीम हुनेछ ।

७. बैंक खाता सञ्चालन: हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद: ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा पच्चिस शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) जनशक्ति: स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट)–एक जना, सि.अ.हे.व.– एक जना, अ.हे.व.– दुई जना, अ.न.मी.– दुई जना, ल्याब असिस्टेन्ट–एक जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु ।

(ख) भवन कोठा: प्रशासन कक्ष, प्राथमिक उपचार कक्ष, बहिरङ्ग तथा अन्तरङ्ग सेवा कक्षहरु, प्रयोगशाला कक्ष, एक्सरे कोठा, निशुल्क औषधी भण्डारण तथा वितरण कक्ष, सुलभ फार्मेसी सेवा बिक्री वितरण कक्ष, प्रसुती कक्ष लगायतका विभिन्न सेवा सुविधा सहितको भवन ।

(ग) उपकरण: प्राथमिक उपचारका आधारभूत उपकरणहरु ।

(३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैँले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

(४) नगरपालिकाको जनसंख्या, भौगोलिक अवस्था, सेवाको पहुँच समेतलाई मध्यनजरमा राखी आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने:

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकासा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले तीन महिना भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक छानविन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) आशय पत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिनेछैन ।

१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः नगरपालिकाको स्वीकृतीमा संचालन हुने १५ शैया सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तिमा एक जना विशेषज्ञ सहित चार जना एम.वि.वि.एस डाक्टर, एक जना रेडियोलोजिष्ट, कम्तिमा दुई जना स्टाफ नर्स, कम्तिमा दुई जना हे.अ., कम्तिमा चार जना अ.हे.व., कम्तिमा चार जना अ.न.मी., कम्तिमा एक जना ल्याव टेक्निसियन , कम्तिमा एक जना डार्क रुम असिस्टेन्ट र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मीहरु ।

(२) भवन तथा कोठा र हाताहरुः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, ओ.पि.डि कक्ष, प्रयोगशाला कक्ष, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, लेखा फाट, तथ्याङ्क फाट, प्रतिक्षालय कक्ष, कम्तिमा एक इन्सिनेरेटर, प्लासेन्टापिट, पार्किङ समेत अन्य आवश्यक सेवा कक्ष तथा हाताहरु ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्वुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाइफ सपोर्ट सिष्टम, चौविस घण्टा विद्युत सेवा, टेलिफोन र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको उचित व्यवस्था भएको हुनुपर्ने ।

(४) प्रशासनिक जनशक्तिः प्रशासन अधिकृत, लेखा अधिकृत, तथ्याङ्क अधिकृत, कम्प्युटर अपरेटर, ना.सु., कम्तिमा चार जना का.स. तथा प्रहरेदारहरु ।

(५) आफ्नो भवन भए नगरपालिकाको नियमानुसार घर नक्सा जाँच पास भएको प्रमाण सहितको जग्गाधनी प्रमाण पूर्जा र भाडामा लिएको भवन भए कम्तिमा पाँच वर्षसम्मको सम्झौता भएको घर बहाल सम्झौता पत्र ।

११. <u>पोलिक्लिनिक संचालनको अनुमतिः</u>

(१) नगरिपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) एक जना एम.वि.वि.एस.चिकित्सक, एक जना हे.अ., एक जना अ.हे.व. एक जना अ.न.मि., एक जना ल्याव असिस्टेंन्ट, एक जना सरसफाई सहयोगी सहितको अन्य तोकिएका जनशक्ति, सामान्य पूर्वाधारहरु सहितको प्रमाण सहितका कागजातहरु ।

१२. प्रयोगशाला वा ल्याब संचालन अनुमतिः व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याव संचालन गर्न चाहेमा देहाय वमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला, रेडियोलोजी वा प्याथोलोजी संचालन गर्ने स्थान, निजी घर भए गाउँपालिकाबाट स्वीकृत नक्सा जाँचपास सहितको घर र जग्गाधनी पूर्जा, भाडाको घर भए घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौता पत्र,

(३) ल्याबोरेटोरी वा प्याथोलोजी विषयमा न्यूनतम पन्ध्र महिना अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,

(४) रेडियोलोजी विषयमा न्यूनतम तिन वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,

(५) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार,

(६) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण,

(७) प्रस्तावित लागत,

१३. <u>फार्मेसी संचालनको अनुमतीः</u>

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

१४. <u>निजि क्षेत्रले प्राथमिक उपचार केन्द्र संचालनको अनुमतिः</u>

(१) नगरपालिका क्षेत्र भित्र प्राथमिक उपचार केन्द्र संचालन गर्न चाहेमा कुनै पारामेडिकल व्यक्तिहरुले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) नेपाल मेडिकल काउन्सिल वा नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका तालिम प्राप्त स्वास्थ्यकर्मी ( मेडिकल अधिकृत, हे.अ., सि.अ.हे.व., अ.हे.व.) ले संचालक रहने गरि प्राथमिक उपचार केन्द्र संचालन गर्न पाउने छ ।

(३) तोकिए वमोजिमको औषधिका प्रकारहरु मात्र विक्रि वितरण गर्न पाउने ।

१५. मापदण्ड पुरा नगरेमा सजाय हुने:

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पूरा नगरी भूठा विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन वा ल्याव असिस्टेन्ट बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने छ ।

(२) फार्मेसीको हकमा दर्तावाला सञ्चालक स्वास्थ्यकर्मी र सहयोगी वाहेक अरुले औषधी वेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सक्नेछ ।

१६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने: निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

परिच्छेद: ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम् सेवा सम्बन्धी व्यवस्था

१७. स्वास्थ्यकर्मीको व्यवस्थापन: नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी: संघीय सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार: स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई बढीमा एक वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविकाहरु ।

१८. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था: स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु छनौट गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम आठ कक्षा उतिर्ण गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या दश हुने गरी औसत प्रति घरधुरी १३० का लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ५८ बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा आठ कक्षा उतिर्णलाई मात्र छनौट दिइने छ ।

(५) नयाँ महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि देहाय वमोजिमको एक समिति रहने छ

(क) नगरपालिकाको प्रमुख वा निजले तोकेको निर्वाचित नगरसभा सदस्य –अध्यक्ष

(ख) नगरकार्यपालिकाले तोकेको कम्तिमा एक महिला नगरसभा सदस्य सहति दुई जना– सदस्य

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये नगरपालिका प्रमुखले तोकेको एक जना –.सदस्य

(घ) स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मीहरु मध्ये नगर स्वास्थ्य समितिले तोकेको एक जना कर्मचारी –सदस्य सचिव

(६) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि सम्वन्धित वडाका आमा समूहले बैठक राखी तोके वमोजिको योग्यता पूरा गरेका इच्छुक निवेदकहरुबाट निवेदन संकलन गरी बैठकको माइन्युट प्रतिलिपी सहित सम्वन्धित स्वास्थ्य संस्थाको सिफारिस सहित छनौटका लागि उपदफा (५) वमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

१९. <u>स्वास्थ्यकर्मीको सेवा सुविधा:</u>

(१) स्थायी स्वास्थ्यकर्मीहरुलाई संघीय सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा दिइने छ ।

(२) करार स्वास्थ्यकर्मीहरुलाई करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभियानकर्ता स्वयंसेविकाहरुलाई पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्वन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः

(१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगर कार्यपालिकाले निर्धारण गर्ने छ ।

(२) दरवन्दी अनुसारका पदहरुमा संघीय सरकारवाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) नगरपालिकाको प्रमुख - संयोजक

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत– सदस्य

(ग) सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समितिको अध्यक्ष- सदस्य

(घ) सम्वन्धित पदको विषय विज्ञ- सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख– सदस्य सचिव

(३)छनौट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ । आवश्यक परेमा छनौट उप समिति गठन गरी सो उप समिति मार्फत कामकाज लगाउन सक्नेछ ।

२१. कर्मचारी सरुवाः

(१) स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न सकिने छ । विशेष परिस्थिती बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछ । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

(४) माथी उपदफा (१) (२) र (३) मा जे सुकै उल्लेख भएता पनि नगर कार्यपालिकाको निर्णय अनुसार यस नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई आवश्यकता समेतका आधारमा एक स्वास्थ्य संस्था बाट अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न बाधा पुगेको मानिने छैन ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२३. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

(१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको वार्षिक, अर्द्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मी कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिनेछ ।

(३) कार्य सम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद: ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२४. वार्षिक खरिद योजना बनाउनु पर्ने:

(१) आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने संघीय सरकारले तोकेको नि:शुल्क वितरण गर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाले तयार गर्नेछ ।

२५. औषधी तथा स्वास्थ्य उपकरण खरिद:

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

(३) समुदायमा सर्वसुलभ भरपर्दो एवम् उचित मुल्यमा औषधि उपलब्ध गराउनका लागी सामुदायिक स्वास्थ्य संस्थाहरु मातहत रहनेगरि सुलभ औषाधालय सञ्चालन गर्न सकिनेछ ।

२६. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण:

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित स्वास्थ्य संस्थाहरुले माग गरे वमोजिम २०% मा नवढाइ गर्नुपर्ने छ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२७. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने:

(१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिन सक्ने छ ।

२८. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन:

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

२९. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन:

(१) स्वच्छ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाइ अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो वाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सम्वन्धित नगरपालिकामा रहेका निजि फार्मेसि, प्राथमिक उपचार केन्द्रहरुको औषधि व्यवस्था विभाग सचेत बाट अनुगमन हुदा सम्वन्धित नगरपालिकासँग समन्वय गरी नगरपालिका प्रतिनिधि सहित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(५) नगरपालिका अन्तर्गतका बजार, गाउँ बस्तीहरुलाई स्वस्थ, स्वच्छ एवं वातावरणमैत्री नगरपालिका बनाउन नगर. कार्यपालिकाले स्वास्थ्य निर्देशिका वा कार्यविधिहरु जारी गर्नेछ ।

(६) सरसफाई व्यवस्थापनका लागि नगरपालिकाले सेवा शुल्क समेत तोक्न सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

३०. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने:

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी चौबिस घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी पाँच दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(४) गरिब तथा विपन्न परिवारका सदस्यहरुलाई क्यान्सर, मुटु रोग, मृगौला सम्बन्धी रोग, स्पाइनल ईन्ज्युरी जस्ता जटिल रोगीहरुलाई छुट्टै कार्यविधि बनाई नगर कार्यपालिकाले आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

३१. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने:

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने, महामारी नियन्त्रणका लागि उपचारात्मक तथा निदानात्मक एवम् प्रतिकारत्मक उपाएहरु अपनाउन र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्नेछ ।

३२. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन:

(१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता सार्बजनिक क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(३) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

३३. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन्।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल वनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ।

## परिच्छेद ७

## विविध

३४. <u>प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल सञ्चालनका लागि सिफारिस:</u>

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

३५. <u>राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने:</u>
स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ।

३६. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

३७. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्वन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।

३८. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका

लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३९. पुनरावेदन: तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

४०. नियम बनाउने अधिकार:

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वियनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका,कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

४१. संक्रमणकालीन व्यवस्था: यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

४२. बाधा अडकाउ फुकाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

४३. बचाउ र लागू नहुने:

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनका दफा तथा उपदफाहरुमा लेखिएको कुराहरु प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म यस ऐनमा लेखिएका कुरा स्वतः निस्कीय हुनेछ ।

२०७६।०३।२५.
दीपक कुमार थेवा
नगर प्रमुख

आज्ञाले ,
नाम : दिनानाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत